# सैनामैना नगरपालिका
# सातौं नगरसभामा प्रस्तुत
# आ.व. २०७७/७८ को
# बजेट वक्तब्य

नगर कार्यपालिकाको कार्यालय

बुद्धनगर, रुपन्देही

प्रदेश नं ५, नेपाल

१० आषाढ, २०७७

**यस गरिमामय नगरसभाका सभाध्यक्ष महोदय,**
**नगर सभाका सदस्यहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

सैनामैना नगरपालिकाको नगर सभामा आर्थिक बर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित भएको छु ।
यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । जन आन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा सम्पूर्ण ज्ञात अज्ञात व्यक्तिहरुको योगदानलाई उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

सैनामैना नगरवासीको चाहना अनुरुप आर्थिक समृद्धि र सामाजिक रुपान्तरण गर्न नगरवासीको आवश्यकतालाई बजेटमा आत्मसात गर्ने प्रयत्न गरेको छु । स्रोत साधनको सिमीतता, कोभिड १९ को महामारीको विद्यमान परिस्थिति, न्युन आयस्रोत र नगरवासीको उच्च आकांक्षालाई मध्यनजर गरी महामारीले नकरात्मक प्रभाव पारेका सामाजिक र आर्थिक क्षेत्रको पुनर्उत्थान गरी समृद्धिको यात्रालाई जारी राख्न बजेट विनियोजन गरेको छु । क्षेत्रगत र भौगोलिक सन्तुलन कायम हुनेगरी दीर्घकालीन रुपमा प्रतिफल दिन सक्ने योजनाहरु कार्यन्वयन गर्न स्रोत, साधन, प्रविधि र जनशक्ति आदिको प्रभावकारी र कुशल रुपमा बजेटको उपयोग गर्ने रणनीति अवलम्बन गरेको छु ।

बजेट विनियोजनमा स्थानीय टोलबासीको माग, वडा समिति, बिषयगत समिति, राजस्व परामर्श समिति समेतको सिफारिसको आधारमा योजनाको प्राथमिकीकरण गरी बजेट विनियोजन गरेको छु । विनियोजित बजेटमा एकै पटक असीमित आवश्यकता पुरा गर्न अफ्ठेरो भएतापनि सकेसम्म समेटने प्रयास गरेको छु ।

**सभाध्यक्ष महोदय,**

उपलब्ध स्रोत साधन र विभिन्न सम्भावनाको वावजुद यस नगरपालिकामा देहायका चुनौतीहरु विद्यमान छन ।

- कोरोना भाईरसको महामारीलाई थप फैलिन नदिई नगरबासिको स्वास्थ्य सुरक्षा कायम गर्नु।
- कोरोना भाईरसको महामारी नियन्त्रण गर्दै खस्किएको अर्थतन्त्रलाई चलायमान बनाउनु।
- विपन्न, गरिब परिवारलाई खाद्य संकटबाट मुक्त गराउनु।
- नगरपालिका क्षेत्रभित्रको अव्यवस्थित जग्गालाई व्यवस्थापन गर्नु ।
- नदी नियन्त्रण तथा तटबन्ध गर्नु ।

- भवन संहिताको प्रभावकारी कार्यान्वयन गरी सुरक्षित घर निर्माण गर्नु ।
- अव्यवस्थित शहरीकरणलाई व्यवस्थापन गर्नु ।
- अव्यवस्थित प्लटिङ रोक्का गरी भू–उपयोग नीति र योजनाका आधारमा जमीनको उपयोग गर्नु । समाजमा बढ्दो रुपमा रहेको लागु औषध दुर्व्यसनीलाई नियन्त्रण गर्नु ।
- नगरभित्रका सम्पूर्ण सडकलाई तोकिएको मापदण्ड बमोजिम फराकिलो र व्यवस्थित गरी हरित सडकको रुपमा विकास गर्नु ।
- कृषिको आधुनिकीकरण तथा व्यवसायिकरण गरी गरीबी तथा वेरोजगारी समस्यालाई न्यूनीकरण गरी आत्मनिर्भर नगरको निर्माण गर्नु ।सरकारी, सार्वजनिक जग्गाहरुको संरक्षण गर्नु।
- सिमित स्रोत, साधनवाट नगरबासीका असिमित आवश्यकतालाई पूर्ति गर्नु । संविधानत: व्यवस्था गरिएका मौलिक हकको कार्यन्वयन गर्नु चुनौतिपूर्ण रहेको छ ।

**सभाध्यक्ष महोदय,**

उपरोक्त चुनौतीहरुको वावजुत नगरवासीको समृद्धिको सपना साकार पार्नु हाम्रो दायित्व हो । उक्त दायित्व पूरा गर्न आ.व. २०७७/०७८ को बजेटका देहायका उद्देश्यहरु रहेका छन् ।

- संक्रामक लगायत सबै प्रकारको रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीविकालाई सहज र सुरक्षित बनाउने ।
- कोरोना महामारीबाट खस्किएको अर्थतन्त्रलाई चलायमान बनाउने ।
- बेरोजगार युवा-युवतिहरुलाई रोजगारिका अवसर सिर्जना गर्ने ।
- नेपालको संविधानले निर्दिष्ट गरेका प्रावधानहरुलाई कार्यान्वयन गरी जनतालाई संघीयताको अनुभूति दिलाउने ।
- नगरको बिकासमा जनतालाई सहभागिता र अपनत्वको महसुस गराउने ।
- जनताको माग र नगरको प्राथमिकता वमोजिम विकास व्यवस्थापन गर्ने ।
- सुशासन र सुरक्षाको प्रत्याभूति दिलाउने ।
- सूचना प्रविधिको विकास सँगै शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तर सुधार गर्ने ।
- सेवा प्रवाहलाई सरलिकृत र चुस्त बनाउने ।

- भूमि बैंक मार्फत निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीको रुपमा विकास गरी एकीकृत कृषि प्रणालीलाई अवलम्बन गर्न कृषकलाई प्रोत्साहन गर्ने ।
- उद्यमशील कृषि र पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर वनाउन सहयोग गर्ने ।
- ब्यवस्थित शहरीकरणको लागि दीर्घकालीन नीति तथा मापदण्ड बनाई **"कृषि, पर्यटन, उद्योग र पूर्वाधार, सु–संस्कृत, समृद्ध नगर सैनामैनाको आधार"** भन्ने अभियानलाई पूर्णता प्रदान गर्ने ।
- प्राविधिक शिक्षा र सिपमूलक तालिमको माध्यमबाट स्वरोजगार बनाई जनताको जिवनस्तर सुधार गर्ने ।
- जनतालाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने ।
- नेपालको गन्तव्यसूचीमा परेको सैनामैना क्षेत्रको प्रचार प्रसार गरी विश्व सामु चिनाउने ।

**योजना र कार्यक्रमहरुलाई नागरिकको आवश्यकता र समयानुकुल बनाउन तथा बजेट कार्यान्वयनमा प्रभावकारीता ल्याउन बजेट तथा कार्यक्रममा समावेश भएका योजना, कार्यक्रमहरुलाई निम्न आधारमा प्राथमिकीकरण गरी प्रस्तुत गरेको छु ।**

- कोरोनाको संक्रमणबाट सैनामैना नगरबासीलाई सुरक्षित बनाउन स्वास्थ्य क्षेत्रलाई प्रथम प्राथमिकतामा राखिएको छ।
- बेरोजगार युवा तथा महिलालाई कृषि, पशुपंक्षि व्यवसायमा आबद्ध गरि आत्मनिर्भर गराउने।
- स्वास्थ्य क्षेत्रको सबलिकरण गर्न स्वास्थ्य क्षेत्रको पुन संरचना गर्ने ।
- प्रविधिमैत्री अपनत्व सहितको गुणस्तरीय शिक्षाका लागि शिक्षक, विद्यार्थिको क्षमता विकास गरी विद्यालयलाई प्रविधिमैत्री बनाउने।
- स्वरोजगारको माध्यमबाट गरिबी न्यूनीकरणमा योगदान पुर्याउने ।
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त हुने खालका कृषि, पशु विकासका कार्यक्रम सञ्चालन गर्ने ।
- राजस्व परिचालनमा योगदान पुर्याउने कार्यक्रमहरु ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासन प्रबर्धनमा सहयोग पुर्याउने ।
- स्थानीय स्रोत साधन र सीपबाट सञ्चालन हुने तथा लागत सहभागितामा अभिवृद्धि गर्ने ।
- लैगिंक समानता, सामाजिक समावेशीकरणको माध्यमबाट पिछडिएका वर्ग तथा समूदायलाई राज्यको मुलधारमा समाहित गर्ने ।
- दिगो विकास र वातावरण संरक्षणमा योगदान पुर्याउने ।
- स्वस्थ, शिक्षित र अनुशासित सामाजको विकासमा जोड दिने ।
- विशेष संस्कृति र जातीय पहिचान संरक्षण र प्रवर्धन गर्ने ।

- नागरिक स्तरबाट उठान भएका आवश्यकता एवं अपेक्षाहरुको संवोधन गर्ने ।

## सभाध्यक्ष महोदय,

**अब म चालु आ.व २०७६/०७७ को वार्षिक समीक्षा गर्न चाहान्छु।**

विश्वव्यापी महामारीको रुपमा रहेको कोरोना भाइरस (कोभिड १९) को रोकथामको लागि सैनामैना नगरपालिकाले कोरोना भाइरस सम्बन्धी जनचेतना, पदमपाणि योग तथा प्राकृतिक चिकित्सालयमा नगर स्तरीय क्वारेन्टीन निर्माण तथा सञ्चालन, विदेशबाट आएका व्यक्तिहरुको लगत सङ्कलन, बन्दाबन्दी (लकडाउन) को पालना, टोलटोलमा रहेका ज्यालादारीमा काम गर्ने गरीव तथा असहाय व्यक्तिको लगत सङ्कलन तथा राहत वितरण, अलपत्र पैदल यात्रीको उद्धार, विदेशमा रहेका र नेपाल आउन चाहने नागरिकको लगत सङ्कलन गरिएको छ। सैनामैना मा.वि., पर्रोहा बहुमुखी क्याम्पस, शहीद नारायण पोखेल बहुमुखी क्याम्पस, जनचेतना मा.वि. र पशुपति मा.वि. गरी जम्मा ५ स्थानमा सामूदायिक क्वारेन्टीन निर्माण तथा सञ्चालन, विपद व्यवस्थापन समितिको नियमित बैठक, ट्र्याक्टरको भाडा दर निर्धारण, दीर्घ रोगीहरुको लागि औषधि व्यवस्थापन, नियमित बजार अनुगमन तथा निजी औषधि क्लिनिक सञ्चालन गराउन निर्देशन, उद्योग वाणिज्य संघ र व्यापार संघको अगुवाइमा खाद्य सामग्री तथा तरकारी व्यवस्थापन गरिएको छ। एस.ई.ई परीक्षा दिने विद्यार्थीहरुलाई मध्यनजर गरी अनलाइन मार्फत बालबालिका लक्षित पठनपाठन तथा कक्षा सञ्चालन जस्ता विभिन्न कार्यक्रम सम्पन्न गरिएको छ ।जोखिममा रहेका नगरबासिहरुको निरन्तर RDT र PCR परिक्षण भएको छ।हालसम्म संक्रामतमध्ये जम्मा २४ जना विरामी निकोभई फर्किसकेका छन् । ७ जना संक्रमितहरु सैनामैना आईसोलेसनमा उपचारार्थ रहेका छन् भने ५ जना नगरबासिहरु बुटवलको अस्थायी कोरोना अस्पतालमा उपचार्रत छन् ।

उपरोक्त कार्यको लागि विपद व्यवस्थापन कोषमा विभिन्न संघसंस्थाबाट रु ३९ लाख १ हजार ३ सय १२, विपद व्यवस्थापन कोषबाट रु १५ लाख, प्रदेश सरकारबाट प्राप्त रु १५ लाख र विभिन्न कार्यक्रमबाट रकमान्तर गरिएको १ करोड १३ लाख ९१ हजार गरी जम्मा रु. १ करोड ८२ लाख ९२ हजार ३ सय १२ प्राप्त भएको छ। उक्त कोषबाट राहत वितरणमा रु ५१ लाख ८० हजार ३ सय ८९ , नगर स्तरीय क्वारेन्टिन निर्माण तथा सञ्चालनमा ६५ लाख १२ हजार २ सय ३८ , सामुदायिक क्वारेन्टिन निर्माणमा रु ३४ लाख १६ हजार ९ सय २२ गरी जम्मा रु १ करोड ५१ लाख ९ हजार ५ सय ४९ खर्च भएको छ ।

चालु आ.व. मा  कोभिड १९ को महामारीका कारण भौतिक पूर्वाधारतर्फ अपेक्षित उपलब्धि हासिल गर्न चुनौतिपूर्ण रहेतापनि बन्दाबन्दिको अवस्थामा भौतिक दुरी कायम गरी योजनाहरु सञ्चालन गरिएकोले ६० प्रतिशत पूर्वाधार विकासका योजनाहरु सम्पन्न हुने क्रममा रहेका छन् । नगरपालिकाभित्र कुल जम्मा २३०० मिटर सडक कालोपत्रे, २० किलोमिटर सडक स्तरउन्नत,  ४ बटा कल्भर्ट  निर्माण, ३५५० मिटर नाली निर्माण, १५०० मिटर तारवार, २७० मिटर कम्पाउण्ड वाल निर्माण,  एउटा कवर्ड हल निर्माण सम्पन्न  र एउटा कवर्ड हल निर्माणाधिन,  २७१ थान विद्यूत पोल जडान,  ३८५ मिटर ह्युम पाईप जडान गरिएको छ भने ४ वटा विद्यालयमा २२२ सेट फर्निचर उपलब्ध गराईएको, २८० मिटर घोला-खोलामा तटबन्ध गरिएको  र २० वटा भवन पुर्वाधार निर्माण तथा मर्मत कार्य सम्पन्न भईसकेको छ। नेपाल सरकार र नगरपालिकाको साझेदारीमा वडा नं. ४ मुर्गियामा रहेको राष्ट्रिय स्तरको फुटबल स्टेडियममा म्यारथन ट्र्याक सहित खेलमैदान स्तरउन्नती भईरहेको छ । संघीय सरकारको ३० लाखको सहयोगमा वडा नं. ७ मा रहेको गौतमवुद्ध अन्तराष्ट्रिय क्रिकेट मैदानको पिच तथा शौचालय निर्माण सम्पन्न भएको छ ।

नगरपालिकाको नगर गुरुयोजना तुर्जमा गरी नगरको अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन विकासका लक्ष्यहरु निर्धारण गर्ने नीति लिइए अनुरुप गुरुयोजना निर्माणको कार्य अन्तिम चरणमा छ । गुरुयोजनाले समेट्न नसकेका नगर यातायात गुरुयोजना, नगर पाश्र्वचित्र, स्थानीय तहको सूचनाप्रणाली र भू—उपयोग योजना समेत तयार भइसकेका छन्  ।

वडा नं. ११ को कञ्चन पुलको निर्माण सम्पन्न भएको छ। संघीय निर्वाचन क्षेत्र नं. २ र ३ जोडने कर्साघाट पुल निरन्तरता पाएको छ। त्यसैगरी नगरको गौरवको रुपमा रहेको सैनामैना चक्रपथ क्षेत्रको ५० प्रतिशत सडक स्तरउन्नति सम्पन्न भइसकेको छ । एकिकृत उद्योग विकास गर्ने हेतुले सैनामैना ७ स्थित लम्टैयामा निर्माणधिन औद्योगिक ग्रामको प्रथम चरणको कार्य यसै आ.व. मा सम्पन्न हुने क्रममा रहेको छ ।

वडा नं. २ स्थित बोलबम पर्यावरणीय पार्क, वडा नं. ६ स्थित मलमला पर्यटकीय क्षेत्रको डि.पि.आर. तयार भइसकेको छ भने, वडा नं. ९ स्थित बालउद्यान, वडा नं. १० स्थित पूलवारी पार्क,  पानबारी पार्क र वडा नं. ११ स्थित राजापानीको जलाधार संरक्षण क्षेत्रको डिपिआर निर्माणको कार्य सम्पन्न भइसकेको छ । कालोपत्रे सडकहरुको नियमित मर्मत संभारका लागि DFID को सहयोगमा सडक मर्मत संभार र कार्ययोजना निर्माण भएको छ ।

चालु आ.व. मा एकीकृत कृषि बजार प्रबन्ध गर्ने लक्ष्य सहित मुर्गिया साप्ताहिक हाटबजारमा ५१ वटा सेड र शान्तिटोल नमुनावस्ती साप्ताहिक हाटबजारमा ५४ वटा सेडको निर्माण कार्य यसै आ.व.मा सम्पन्न हुने अवस्थामा रहेका छन्। थारु समुदायको संस्कृतिको संरक्षण गरी पर्यटन प्रवर्धनको लागि सैनामैना वडा नं २ मा सभाहल निर्माण कार्य सम्पन्न भईसकेकोमा यस वर्ष सभाहल र पाहुना घर निर्माण सम्पन्न भई सञ्चालन हुने अवस्थामा पुगेकाछन् । चालु आ.व. मा पशु सेवा तर्फ ३९ वटा गोठ सुधारका कार्य समपन्न भएका छन् ।

स्थायी रुपमा फोहोरमैला व्यवस्थापन गर्नको लागि सैनामैना वडा नं. १० को एक्ला पहाडमा ३ वटा स्थानीय तहको फोहोमैला व्यवस्थापन गर्न चालु आ.व मा ४ करोड लागतमा उक्त साईट छेउको नदी तटबन्ध तथा बायो ईन्जिनियरीङ्ग कार्य भईरहेको छ ।

स्वास्थ्य सेवालाई सबै वडामा विस्तार गर्नको लागि चालु आ.व. मा आधारभुत स्वास्थ्य केन्द्र नभएका ७ वटै वडामा निर्माण कार्य भैरहेका छन् । वडा नं. १ मा रहेको पद्मपाणी योग तथा प्राकृतिक चिकित्सालय र वडा नं. ११ मा सर्पदंश उपचार केन्द्र सञ्चालनको अनुमति प्रदान गरी सञ्चालनमा आएका छन् ।

**सभाध्यक्ष महोदय,**

संवत २०७७ साल आषाढ ८ गतेका दिन नगरसभाले स्वीकृत गरेको आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम, नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,मौलिक हकहरु, संघीय सरकार र प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु जस्ता विषयलाई आधार लिई आ.व. ०७७/०७८ को बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म नगरपालिकामा भएका विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**<u>स्वास्थ्य तथा सरसफाई</u>**

- विद्यमान कोरोना भाईरसको महामारीले स्वास्थ्य क्षेत्रको विस्तार र सबलिकरण गर्नुपर्ने पाठ सिकाएको छ।आगामी आर्थिक वर्ष स्वास्थ्य संस्थाहरुको स्तरोन्नति, पूर्वाधार विकास, जनशक्ति व्यवस्था र सेवाको समतामूलक पहुँच एवं गुणस्तर वृद्धि गर्न स्वास्थ्य क्षेत्रमा प्राथमिकताकसाथ बजेट विनियोजन गरेको छु। कोरोना महामारीको उपचारमा संलग्न स्वास्थ्य कर्मिहरुलाई प्रोत्साहित गर्न जोखिम भत्ताको व्यवस्था मिलाएको छु। नगरपालिका भित्रै सञ्चालनमा रहेका सामुदायिक क्वारेन्टिन संख्या ५ र ISOLATION कक्ष संख्या १ को क्षमता विस्तार गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- आयुर्वेदिक र प्राकृतिक चिकित्सा प्रणालीको विस्तार र प्रवर्द्धन गरिनेछ। नागरिकहरुलाई योगाभ्यास र शारीरिक व्यायमसहितको जीवनपद्धति अपनाउन प्रेरित गर्न पद्मपाणी योग तथा प्राकृतिक चिकित्सालयमा व्यायमशाला तथा योग केन्द्र स्थापना गर्न भारतीय दुतावासको सहकार्यमा रु. २ करोड ८० लाख बजेटको व्यवस्थापन गरेको छु। विद्यार्थी, शिक्षक र समुदायमा सकारात्मक सोचको विकास गर्न नगरपालिका भित्रका सबै सामुदायिक र संस्थागत

विद्यालयमा कम्तिमा ७ दिनको योग शिविर, Art Of Living को आधारभूत कक्षा कार्यक्रम सञ्चालन गर्न रु. १८ लाख विनियोजन गरेको छु।

- सालझण्डी र दुधराक्ष स्वाथ्य चौकिमा ल्याब सञ्चालन गर्नको लागि रु. ६ लाख विनियोजन गरेको छु।

- स्थानीय तहमा एक अस्पताल बनाउने कार्यक्रम अनुरुप यस नगरपालिकाको वडा नं. ४ मुर्गियामा सुविधा सम्पन्न १५ शैयाको अस्पतालको निर्माण गर्ने व्यवस्था मिलाएको छु।

- सुत्केरी महिलाहरुलाई स्वाथ्य चौकिमा नियमित चेकजाच गरी प्रसुति समेत स्वाथ्य चौकिमा गराउन प्रोत्साहित गर्न **सुत्केरी पोषण कोशेली** कार्यक्रमको लागि रु. ४ लाख विनियोजन गरेको छु।

- आधारभूत स्वास्थ्य संस्था र २४ घण्टे प्रसुती सेवा सञ्चालन र व्यवस्थापनको लागि आवश्यक बजेटको विनियोजन गरेको छु।

- महिला स्वास्थ्य स्वयंम सेविकाको कामलाई थप जिम्मेवार र उत्तरदायी बनाउन कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्नको लागि रु. १ लाख ७२ हजार ८ सय विनियोजन गरेको छु। महिला स्वास्थ्य स्वयंम सेविकाहरुले गरेको योगदानको उच्च मूल्याङ्कन गर्दै महिला स्वास्थ्य स्वयंम सेविका अक्षय कोषमा थप रु. १ लाख रकम विनियोजन गरेको छु।

- सबै स्वास्थ्य संस्थाहरुमा व्यवस्थित फिबर क्लिनिक सञ्चालन गर्ने व्वस्था गरेको छु।स्वास्थ्य चौकी नभएका ९ वटा वडाहरुमा आधारभुत स्वास्थ्य चौकी भवन निर्माण गरी सञ्चालनमा ल्याउनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

- महिला स्वास्थ्य स्वयंम सेविका र ८४ वर्ष उमेर पूरा गरेका जेष्ठ नागरिकहरुलाई निशुल्क स्वास्थ्य वीमाको व्यवस्था मिलाएको छु। हाल सञ्चालनमा रहेको शहरी स्वास्थ्य केन्द्रलाई व्यवस्थित गर्नको लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

- नगरपालिकामा पूर्ण सरसफाई कायम गर्नको लागि आ-आफ्नो टोलमा सरसफाई गर्न टोल विकास संस्थालाई परिचालन गरिनेछ। सरसफाईमा उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई पुरस्कृत गर्न रु. १ लाख १० हजार रकम विनियोजन गरेको छु।

- सरसफाई तथा स्वच्छता मैत्री नगरपालिका बनाउनको निम्ति WASH कार्यक्रममा रु. १० लाख विनियोजन गरेको छु।

- नगरपालिकाभित्र स्वच्छता कायम राख्न फोहोरमैला व्यवस्थापन कोषमा रु. ४० लाख रकम विनियोजन गरेको छु।

**विद्यमान कोरोना भाईरसको महामारीबाट आम नगरबासिलाई सुरक्षित गर्नको लागि स्वास्थ्य तथा सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै रु. ७ करोड ९ लाख ७३ हजार ६ सय विनियोजन गरेको छु।**

## आर्थिक विकास

- **"भूमी बैंकमार्फत प्रविधियुक्त कृषि, स्वरोजगारीमा बृद्धि, सैनामैनाको आर्थिक समृद्धि"** भन्ने अभियानलाई साकार पार्न भूमि बैंकको स्थापना गरि सामुहिक खेती, करार खेती र व्यवसायिक खेती गर्ने प्रबन्ध मिलाईनेछ। शुन्य उपयोगबिहिन भूमिको नीति अवलम्बन गर्दै सडक छेउ, नदि, खोला किनारको जग्गा र उपयोग विहिन सार्वजनिक जग्गामा टोल विकास संस्था मार्फत आफ्नो टोलमा फलफूल लगायतका नगदे बालीको विरुवा रोप्ने र त्यसरी रोपिएका विरुवाको उत्पादनको हकभोग समेत टोल विकास संस्थाले गर्ने व्यवस्था मिलाउदै समग्र टोल विकास संस्थालाई अनुदान स्वरुप रु.१७ लाख ५५ हजार बजेट विनियोजन गरेको छु।

- कोरोना भाईरसको कारण बैदेशिक रोजगारबाट  घर फर्किएका बेरोजगार युवालाई कृषि तथा पशुपंक्षी व्यवसायमा आबद्ध गर्न विविध कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु।बैक तथा वित्तिय संस्थासंग समन्वय गरी बैदेशिक रोजगारबाट घर फर्किएका बेरोजगार युवा र कृषि तथा पशु उद्यमी व्यवसायिमध्ये १६५ जना सामुहिक वा निजी व्यवसायीलाई प्राथमिकताको आधारमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने व्यवस्था मिलाएको छु। प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सूचिकृत भएका बेरोजगार व्याक्तिहरुलाई श्रममा आधारित न्यूनतम रोजगारीमा संलग्न गराउने व्यवस्था मिलाएको छु।

- साना कृषि औजार तथा यन्त्र उपकरण, कोभिड प्रभावित भई गाँउ फर्केका कृषि व्यवसाय गर्ने उद्यमिहरुलाई उत्पादन समाग्री उपलब्ध गराउने तथा एक स्थानिय तह एक उत्पादन कार्यक्रम र नगरपालिका स्तरिय कोशेली घर लगाएतका अन्य  कार्यक्रमहरु सञ्चालनको लागि रु. ६८ लाख ५० हजार बजेटको व्यवस्था गरेको छु।

- हरेक किसानले प्राविधिक सेवा पाउने कुराको ग्यारेण्टी गरिनेछ।आकस्मित बालि संरक्षण सेवा उपलब्ध गराउन रु. ३ लाख बजेट विनियोजन गरेको छु। त्यसका लागि कृषि तथा पशु तर्फ आवश्यक प्राविधिक जनशक्तिको सुनिश्चितता गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

- एकिकृत भई आएका सहकारी मार्फत बेरोजगार युवा तथा महिलालाई आत्मनिर्भर बनाउन यूयनडिपिको सहकार्यमा नगरपालिकाको तर्फबाट रु. १ करोड  विनियोजन गरेको छु।

- कृषि योजना पकेट क्षेत्र निर्धारण गरिनेछ। किसानलाई अर्गानिक खेतीमा आत्मनिर्भर बनाउन सबै वडामा कृषक एकिकृत शत्रुजीव व्यवस्थापन (आईपिएम) पाठशाला सञ्चालन गर्नको लागि रु. ११ लाख रकम विनियोजन गरेको छु। राष्ट्रिय र स्थानिय महत्वका खाद्य र पोषण सुरक्षा र बाख्राको साना व्यवसायको पकेट विकास कार्यक्रम सञ्चालन गर्न रु. ३५ लाख विनियोजन गरेको छु। माटो सुधारका कार्यक्रमलाई निरन्तरता दिईएको छ। ५० प्रतिशत अनुदानमा कृषी यन्त्र उपकरण वितरण, साना सिँचाई कार्यक्रम, धान, मकै, गँहु, च्याउ र पुष्प सिडकिट वितरणको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। बेमौसमी तरकारी खेती उत्पादनको लागि हाइटेक प्लाष्टिक टनेल बनाईनेछ। मुर्गिया हाटबजारमा १ हजार मेट्रिक टन क्षमताको शित भण्डार निर्माण गर्न व्यवस्था मिलाएको छु।

- उन्नत नश्ल सुधार, हिउँदे जै घाँसको वितरण, हिउँदे वर्षिम घाँसको वितरण, वर्षे टियोसेन्टी घाँसको विउवितरण,वर्षे सुडान घाँसको विउ वितरण, बहुवर्षे घाँसको सेड्स र स्लिप वितरण गर्न रु. १२ लाख ५० हजार विनियोजन गरेको छु। लागत साझेदारिमा गाई तथा बाख्रा प्रवर्दन गर्न कार्यक्रमको लागि नगरपालिकाको तर्फबाट रु. १६ लाख बजेट विनियोजन गरेको छु।

- पशुधन सुरक्षण कार्यक्रम बीमामा रु. ७ लाख, गाई भैसी, बाख्रा भेडा, वंगुरमा खोप सञ्चालन गर्न रु ७ लाख २५ हजार विनियोजन गरेको छु।पशुहरुको स्वास्थ्य रोगको पहिचान तथा उपचारको लागि पशु ल्याब सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

- सामाजिक सुरक्षा तथा संरक्षण कायम गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सूचिकृत भएका बेरोजगार व्यात्तिहरुलाई श्रममा आधारित न्यूनतम रोजगारीमा संलग्न गराउन संघीय सरकारमार्फत रु.५१ लाख ७० हजार बजेटको व्यवस्थापन गरेको छु।
- कृषि तथा पशु विकास र समग्र आर्थिक विकासको लागि ४ करोड ७६ लाख २० हजार बजेट विनियोजन गरेको छु।

## सभाध्यक्ष महोदय,

<u>शिक्षा</u>

- **प्रविधिमा आधारित अपनत्व सहितको गुणस्तरीय शिक्षा, सैनामैनाको प्रतिबद्धता** भन्ने नारालाई साकार पार्न शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु।

- कोभिड १९ को महामारीका कारण शिक्षण सिकाइ क्रियाकलापवाट बन्चित हुन पुगेका वालवालिकाहरुलाई बैकल्पिक प्रणालीवाट सिकाइ सहजिकरण गर्ने व्यवस्थाका लागि रु ८ लाख विनियोजन गरेको छु ।

- कक्षा कोठामा गरिने शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई निरन्तरता दिदै प्रविधिमैत्री शिक्षकवाट अन्य शिक्षकमा सिप हस्तान्तरण गर्ने व्यवस्थाका लागि रु ६ लाख ४० हजार विनियोजन गरेको छु ।

- कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ, यसका लागि रु १ लाख ५० हजार छुट्याएको छु । शैक्षिक गुणस्तर अभिवृद्धि गरी विद्यार्थी मूल्याङ्कनलाई विश्वासनीय वनाउन कक्षा ५ र ८ को नगरस्तरीय परीक्षा संचालनको लागि रु २१ लाख वजेट विनियोजन गरेको छु ।

- शिक्षकले नियमित गर्नुपर्ने कार्यमूलक अनुसंधानलाई प्रोत्साहन गर्ने कार्यको थालनी गरेको छु। यस कार्यका लागि रकम रु १ लाख ५० हजार विनियोजन गरेको छु ।

- वालवालिकाका आवाजहरुलाई सरकार तथा आम जनसमुदायमा पुर्याउन उनीहरुका समस्याहरुको तत्काल समाधान खोज्ने उद्देश्यले मेयरसंग वालवालिका कार्यक्रमलाई निरन्तरता दिएको छु । विद्यार्थी प्रतिभा पहिचान, नगरको शैक्षिक क्यालेण्डर निर्माण र प्रधानाध्यापक वैठक संचालनको लागि ८ लाख २० हजार विनियोजन गरेको छु ।

- विद्यालहरुको भौतिक पूर्वाधार निर्माण, शैक्षिक गुणस्तर सुदृढिकरण तथा कार्यसम्पादनमा आधारित अनुदान कार्यका लागि लागि संघीय सरकारवाट वित्तीय हस्तान्तरण अन्तर्गत रकम रु २ करोड ६२ लाख ५३ हजार वजेट व्यवस्थापन गरिएको छ ।

- विद्यालयहरुको शैक्षिक गुणस्तर परीक्षण गरी विद्यालयको सक्षमताको आधारमा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालयलाई प्रोत्साहन गर्ने तथा आइ.सि.टि.को प्रयोग गरी उत्कृष्ट नतिजा हासिल गराउने शिक्षक तथा प्रधानाध्यापकहरुलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिएको छु । कक्षा ८ र १० मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई पुरस्कृत गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।उल्लेखित कार्यको लागि रु १० लाख ५० हजार वजेट विनियोजन गरेको छु ।

- सामुदायिक विद्यालयका साना कक्षाहरुलाई बालमैत्री कक्षा व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु । विद्यालयमा एउटै रङ्कोड हुनेगरी रङरोगन गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु । यसको लागि रु १५ लाख ५० हजार वजेट विनियोजन गरेको छु ।

- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको लागि निशुल्क सेनेटरी प्याड उपलब्ध गराउने व्यवस्था मिलाएको छु। सामुदायिक विद्यालयका प्राथमिक तहका वालवालिकाहरुलाई निशुल्क दिवा खाजा उपलव्ध गराइने व्यवस्था मिलाएको छु। सामुदायिक विद्यालयमा अध्ययन गर्ने आधारभूत तहका सम्पूर्ण छात्रा तथा दलित विद्यार्थीहरुलाई, छात्रवृत्ति तथा निशुल्क पाठ्यपुस्तक उपलव्ध गराइने छ, यसको लागि संघीय सरकारवाट वित्तीय हस्तान्तरण अन्तर्गत रु १ करोड ७४ लाख ४९ हजार वजेट विनियोजन गरिएको छ ।

- विद्यालय पढने उमेर नाघेका र प्राविधिक शिक्षा आर्जन गर्न चाहने युवालाई प्राविधिक तथा व्यवसायिक सीप प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिनको लागि रु ६५ लाख विनियोजन गरेको छ ।

- वेरोजगार भएका र प्राविधिक शिक्षा पढन चाहने युवाहरुलाई CTEVT वाट संचालन गरिएका छोटो तथा लामो अवधिको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा छात्रवृति प्रदान गरी सीप सिक्ने अवसरलाई निरन्तरता दिन रु. ६५ लाख विनियोजन गरेको छु।

**शिक्षा तर्फ नगरपालिका स्रोतवाट २ करोड ३ लाख र संघीय सरकारवाट वित्तीय हस्तान्तरण अन्तर्गत रु १८ करोड ३८ लाख गरी जम्मा १९ करोड ९४ लाख विनियोजन गरेको छु ।**

## जेष्ठ नागरिक, महिला, बालबालिका तथा अपाङ्ग

- **"सामाजिक न्याय र समताका लागि सकरात्मक विभेद"** को नीति अनुरुप हाल सञ्चालन गरिदै आएको क्षमता विकास तथा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिदै विधवा तथा एकल महिला, द्वन्द्वपीडित महिला, बेरोजगार तथा अति पिछडिएका र बिपन्न समुदायको लागि रोजगारमूलक तालिमको व्यवस्थापन तथा महिलाहरुको सशक्तिकरण गर्न **महिलासँग उपप्रमुख** कार्यक्रमको लागि रु. ६ लाख विनियोजन गरेको छु।

- बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन भइसकेकोले निजहरुलाई परिचयपत्रको आधारमा थप सुविधा उपलब्ध गराउनको लागि रु. २ लाख बजेट विनियोजन गरेको छु।अपांगता भएका व्याक्तिहरुलाई अनुदान दिन आवश्यक वजेटको व्यवस्था गरेको छु। हरेक वर्ष जेष्ठ नागरिकहरुलाई गरिदै आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिन रु. ५ लाख बजेट विनियोजन गरेको छु। वडा तथा नगरस्तरीय वालक्लवहरुको क्षमता विकास तथा सम्बर्धनको लागि रु. १० लाख बजेटको व्यवस्था गरेको छु। नरपालिकाभित्र विद्यमान लैगिंक हिंसाको रोकथाम तथा नियन्त्रणको लागि लैंगिक हिंसा निवारण कोषको स्थापना गर्न रु. ३ लाख बजेटको व्यवस्था गरेको छु।

**समग्र महिला,बालबालिका,अपाङ्ग तथा ज्येष्ठ नागरिकको सबलिकरण तथा संरक्षणको लागि रु. ४० लाख बजेट विनियोजन गरेको छु।**

# <u>सँस्कृति तथा पर्यटन</u>

- सैनामैना नगरपालिका वडा.नं. ८ मा लुम्बिनी सांस्कृतिक शहर निर्माण गर्नको लागि रु. ५० लाख विनियोजन गरेको छु।

- पश्चिमको पशुपतिनाथ भनेर चिनिने धार्मिक आस्थाको केन्द्रविन्दु पर्रोहा परमेश्वर बोलबमधाम मन्दिरको पूननिर्माणको लागि संघ, प्रदेश र सैनामैना नगरपालिकाको स्रोतबाट रु ६० लाख बजेटको व्यवस्था गरेको छु।

- पर्यटन पूर्वाधार निर्माण र प्रचार प्रसार गर्न सैनामैना नगरपालिका वडा नं. २ मा निर्मित थारु होमस्टेको सभाहल र पाहुना घर औपचारिक रुपमा सञ्चालनमा ल्याइनेछ । राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने शहिदहरुको सम्झनामा शहिद दिवस र राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानको लागि वि.पि स्मृती दिवस र पुष्पलाल स्मृती दिवसको दिन सिर्जनात्मक कार्यक्रमको आयोजना गरि मनाउन रु. ३ लाख विनियोजन गरेको छु।

## युवा तथा खेलकुद

- **"स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद"** अभियानलाई सार्थक बनाउन पशुपति मा.वि मा खेलमैदान तारबार, महरेहवा देवि आधारभुत विद्यालयमा खेलमैदान स्तरोन्नति तथा सैनामैना ४ मुर्गियामा फुटबल स्टेडियम स्तरन्नोतिको लागि कुल ५५ लाख विनियोजन गरेको छु ।

- संघीय सरकारमार्फत विनियोजित १ करोड १० लाख बाट वडा नं. ७ लमटैयामा प्रारम्भ गरिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट मैदानको DPR बनाई पूर्वाधार निर्माणको कार्य सुरुवात गर्ने व्यवस्था मिलाएको छु। युवाहरुलाई खेलकुद तर्फ प्रोत्साहित गर्न शुरु गरिएको नगरस्तरीय मेयर कप र नगरस्तरीय खेल सप्ताहलाई निरन्तरता दिन रु. १८ लाख विनियोजन गरेको छु ।

- सामाजिक जागरण, रुपान्तरण र संमृद्धिका लागि युवा परिचालन, राष्ट्रपति रनिङ्ग शिल प्रतियोगिता र युवा प्रतिभा पहिचान र प्रोत्साहनको लागि संघीय सरकारमार्फत रु. ११ लाख बजेट व्यवस्था गरेको छु।

**युवा तथा खेलकुद मार्फत सामाजिक विकास गर्नको लागि युवा तथा खेलकुदमा एकमुष्ट रु. १ करोड ९४ लाख बजेट व्यवस्था गरेको छु ।**

**सभाध्यक्ष महोदय,**

### पूर्वाधार विकास

- चालु आर्थिक वर्षमा ठेक्का लागेका र सम्झौता भएका तर कोभिड १९ को कारणले समयमा सम्पन्न हुन नसकेका सशर्त तर्फका आयोजनालाई नियमानुसार म्याद थप गरि सम्पन्न गर्ने गरी रु. २ करोड ७५ लाख बजेट विनियोजन गरेको छु। बहुवर्षीय आयोजनाहरु तोकिएको समयावधिभित्रै सम्पन्न गर्ने गरि स्रोत सुनिश्चित गरेको छु ।आ.व २०७६/०७७ का सडक स्तरोन्नतीका योजनाको न्यूनतम ७५ प्रतिशत बजेट सुनिश्चित गरेको छु।

- संघीय सरकारको साबिक राष्ट्रिय प्राथमिकता प्राप्त योजना र प्रदेश सरकारबाट कार्यन्वयन भइरहेको सैनामैना नगरपालिकाको गौरवको रुपमा रहेको सैनामैना चक्रपथमा पर्ने बाकि पुलहरुको निर्माण गर्न, सैनामैना चक्रपथको न्यूनतम २० किलोमिटर सडक कालोपत्रे गर्न र बाकि रहेको सम्पूर्ण सडक खण्डमा सब-बेस गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

- भारतीय राजदुतावासको साझेदारीमा  रामापुर क्याम्पसको  पूर्वाधार निर्माणको लागि रु. ५ करोड ११ लाख विनियवजन गरेको छ। तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत विपन्न तथा गरिब व्यक्तिहरुको एकीकृत आवास निर्माणको निरन्तरताका लागि रु. ५५ लाख बजेटको व्यवस्था गरेको छ। प्रदेश सरकारको बहुवर्षीय योजनाको रुपमा रहेको वडा नं ९ मा अत्याधुनिक यात्रु प्रतिक्षालय सहितको रिफ्रेस सेन्टर निर्माण गर्न रु. १४ करोड बजेटको व्यवस्था गरेको छु।

- संघीय सरकारको विशेप अनुदान अन्तर्गत पर्रोहा मा.वि को नमूना विद्यालय भवन निर्माणको लागि रु. ३ करोड ९३ लाख बजेट व्यवस्थापन गरेको छु। प्रदेश स्तरीय ज्येष्ठ नागरिक तथा अपाङ्ग संरक्षण ग्रामको  निर्माणलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु।

- नगरपालिकाको पूजिंगत बजेटको न्युनतम ३ प्रतिशत बजेट सडक मर्मत तथा संभार गर्ने कार्यको लागि विनियोजन गर्ने नितिअनुरुप सडक मर्मत संभार कोषमा रु. १ करोड २० लाख  विनियोजन गरेको छु। सडक बोर्डको लागत सहभागितामा १३ लाख ५० हजार र सडक बोर्डबाट प्राप्त हुने ३५ लाख गरी सडक मर्मत संभारमा जम्मा १ करोड ६८ लाख ५० हजार रकम विनियोजन गरेको छु।

- सालझण्डी ढोरपाटन बसपार्क र पानवारिको साप्ताहिक हाटबजार निर्माण कार्यलाइ निरन्तरता दिनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

- डि.पि.आर. सम्पन्न भइसकेमा फूलवारी पार्क, वोलबम पर्यावरणीय पार्क, मलमला पार्क, वडा नं. ११ को राजापानी पर्यटकीय क्षेत्र,वनकट्टीमा ग्रिनपार्क र वडा नं. ९ मा वालउद्यान र शहिद पार्क, वडा नं. ५ को कालिरह पार्क र पानवारिको जलाशाय युक्त पिकनिक स्पोट लगाएतका क्षेत्रहरुलाई सार्वजनिक निजी साझेदारीको BOOT(Build Own Operate Transfer) मोडेल मार्फत निर्माण कार्य अगाडी बढाउने व्यवस्था गरेको छु। वडा नं. ३ को मुर्गिया हाटबजार र दूर्गा मन्दिर क्षेत्रलाई समावेश गरी आधुनिक पार्क  निर्माणको लागि डि.पि.आर. तयार गरी संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गरी आ.व. २०७७/७८ मा निर्माण कार्य आरम्भ गर्ने व्यवस्था मिलाएको छु।

- नेपाल सरकार मार्फत पूर्व—पश्चिम लोकमार्गको बुटवल—सालझण्डी खण्डमा ६ लेनको सडक विस्तार गर्न Design and Build प्रत्रिया मार्फत निर्माण कार्य अगाडी बढाउने व्यवस्था मिलाएको छु।

- संघीय सरकारमार्फत पर्यटन प्रवर्धनको लागि कोशेढुङ्गाको रुपमा रहेको सैनामैना वडा नं. ३ मा अवस्थित लामीरह बहुउद्देश्य बाधको DPR निर्माणको लागि रु. ७० लाख बजेटको व्यवस्था मिलाएको छु । नदिजन्य पदार्थबाट प्राप्त राजश्ववको न्यूनतम १० प्रतिशत रकम सोहि नदि को  तटबन्ध निर्माण गरी जनधनको क्षति हुन नदिन नदि नियन्त्रण सम्बन्धी कामलाई अघि बढाउने व्यवस्था गरेको छु। कञ्चन नदिलाई जनताको तटबन्धन मार्फत, घमाहा

नदिलाई स्वीकृत गुरुयोजना अनुसार भु तथा जलाधार संरक्षण कार्यालय मार्फत र तुलबुलीया नदि नियन्त्रणको लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम मार्फत तटबन्धन निर्माण गर्ने गरी बजेटको व्यवस्था गरेको छ। अन्य नदिहरुमा नदि कटान र भुक्षयको प्रभाव नियन्त्रणको आवश्यक कार्य गर्न विपद् व्यवस्थापन कोष मार्फत बजेटको व्यवस्था मिलाएको छ।

- नगरपालिका क्षेत्रभित्र रहेका परम्परागत कुलाहरु तथा नदीमा बाँध बाँधी हुदै आएको सतह सिंचाइको लागि निर्मित कच्ची कुलाहरुलाई पक्की र पक्की कुलाहरुलाई मर्मत संभार गर्न गरि साना सिँचाई कार्यक्रम मार्फत आवश्यक बजेटको व्यवस्था गरेको छ ।

- विश्व बैंक बाट DPR तयार भइसकेको सैनामैना मेजर सडकको बाँकि रहेको ९ किलोमिटर सडक कालोपत्रे, बाँकि रहेका पुल, कल्भट निर्माण कार्य प्रदेश सरकारको सहयोगमा अगाडि बढाउने व्यवस्था मिलाएको छ। कर्साघाट शवदाह गृह र वडा नं. ९ गुरुङ्गडाँडामा रहेको सामाजिक संस्कार स्थललाई थप व्यवस्थित गर्न कुल जम्मा रु. ७ लाख विनियोजन गरेको छ।सालझण्डीमा सार्वजनिक शौचालय निर्माणको लागि रु. १३ लाख विनियोजन गरेको छ।

- अगामी आ.व. भित्रै नगरपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न गर्नको लागि रु. ५० लाख विनियोजन गरेको छ ।

- संघीय सरकारको सहकार्यमा यस नगरपालिकाको वडा नं. ७ लम्टैयामा निर्माणाधिन औद्योगिक ग्रामको दोस्रो चरणको निर्माण कार्य सम्पन्न गर्न रु. २० लाख विनियोजन गरेको छ ।

## भूमि तथा भवन व्यवस्थापन

- भूमि सम्बन्धी समस्या समाधान आयोग नीति अनुरुप नगरपालिकाभित्र रहेका भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासीको पहिचान र लगत संकलन भैसकेको छ।भूमि सम्बन्धी समस्या समाधान आयोगले पहिचान र प्रमाणिकरण गरेको भूमिहीन सुकुम्बासि र अव्यवस्थित बसोबासीको घर जग्गा नापजाँच, नक्शा स्रेस्ता तयार गरी जग्गाधनी प्रमाणपूर्जा वितरण गर्नका लागि रु.४० लाख बजेटको व्यवस्थापन गरेको छ।
- भवन निर्माण संहिता तथा भवन निर्माण मापदण्डको बारेमा व्यापक जनचेतना जगाउने कार्यक्रम ल्याइनेछ ।नगरको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न घरधनी, निर्माण व्यवसायी तथा डकर्मीहरुलाई चरणवद्धरुपमा उपलब्ध गराइएको तालिमलाई निरन्तरता दिने व्यवस्था मिलाएको छ।
- बिद्युत क्षेत्रको समग्र समस्याहरुलाई एकीकृत रुपमा समाधान गर्ने गरी नेपाल विद्युत प्राधिकरणको रु.१९ करोडको लगानीमा सैनामैना वडा नं. ९ मा शुरु गरिएको बिद्युत सब–स्टेशनको ८० प्रतिशत पूर्वाधार निर्माणको कार्य आ.व २०७७/७८ भित्र समपन्न गर्ने गरी व्यवस्था मिलाएको छ । आ.व २०७७/७८ भित्र सम्पूर्ण नगरबासीको विद्युत

सम्मको पहुँच सुनिश्चित गर्नको लागि विपन्नताको कारणले विद्युत मिटर जडान गर्न नसक्ने परिवारलाई निशुल्क विद्युत मिटर जडान गर्ने व्यवस्था मिलाएको छु।

- आ.व २०७७/७८ भित्र सम्झौता भएका वडा कार्यालयको प्रशासनिक भवन निर्माण सम्पन्न गर्न व्यवस्था मिलाएको छु।

- जटिल प्रकृतिका, आधुनिक उपकरण प्रयोग गरिने र दक्ष जनशक्ति आवश्यकता पर्ने खालका पूर्वाधार निर्माणका कार्यहरु ठेक्कामा लगाई समपन्न गरिनेछ। उपभोक्ता समितिको क्षमता अभिबृद्धि गर्नको लागि गठन भएका उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकासको तालिम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

## सभाध्यक्ष महोदय,

### वन,वातावरण तथा विपद व्यवस्थापन

- सामुदायिक वनको संरक्षण र विकास गर्नको लागि सामुदायिक वनमा तारवार गर्न संघीय सरकारबाट रु. ६० लाख र नगरपालिकाबाट रु. ४० लाख गरी कुल रु. १ करोड बजेटको व्यवस्था गरेको छु ।

- बैकल्पिक उर्जाको प्रबर्द्धन गर्दै वन तथा वातावरणको संरक्षण गर्नको लागी संघीय सरकारमार्फत बायोग्यास जडान, सुधारिएको चुलो प्रविधि जडान, सौर्य उर्जा प्रबिधि जडान गर्ने कार्यक्रमहरु अन्तर्गत रु. ७ लाख बजेटको व्यवस्था मिलाएको छु।

- नगर क्षेत्रभित्र रहेका सार्वजनिक स्थल र नदि किनारहरुमा स्थान अनुकूल वृक्षारोपण गर्न टोल विकास संस्था परिचालन गर्ने व्यवस्था मिलाएको छु। टोल विकास संस्था, स्थानीय समुदायको सहयोगमा सामुदायिक वन संरक्षण गर्न, वृक्षारोपण गरिएका बोट विरुवाहरु कटान हुन नदिन, जगंली जीव जन्तुको अवैध शिकार, चोरी निकासी तथा ओसारपसार रोक्न गस्ती परिचालन गर्न लाग्ने बजेटको व्यवस्था मिलाएको छु ।

- एक घर दुई फलफूलको अवधारणा अनुरुप प्रत्येक घरमा फलफूलका विरुवा रोप्ने कार्यलाई निरन्तरता दिइनेछ। मापदण्ड पूरा गरी नाली सहित कालो पत्रे सम्पन्न भइसकेका सडकको छेउछाउमा मध्यम खालको बहुवर्षिय स्मृति वृक्ष रोप्ने कार्यलाई सुरुवात गर्ने व्यवस्था मिलाएको छु ।

- **"विपद् न्यूनिकरणको लागि पूर्व तयारीमा जुटौं"** भन्ने अभियानलाई साकार पार्न विपद् व्यवस्थापन समितिलाई अझै प्रभावकारी बनाइनेछ। नगर विपद् प्रतिकार्य योजना बनाई नेपाली सेना, नेपाल प्रहरी, टोल विकास संस्था, स्थानीय क्लब र रेडक्रससँग सहकार्य गरी विपद न्यूनिकरण एवम् व्यवस्थापनको क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विपद् व्यवस्थापन कोषमा रु. २५ लाख विनियोजन गरेको छु।

- विद्यमान कोरोना महामारीको रोकथाम तथा नियन्त्रण गर्दै कोरोना महामारीबाट असर परेका सैनामैनाबासिको जनजिविका सहज बनाउनको लागी स्वास्थ्य र खाद्य सुरक्षा कायम गरी क्वारेन्टीन र आइसोलेसन व्यवस्थापन गर्न कोरोना नियन्त्रण कोषमा रु. १ करोड विनियोजन गरेको छु ।

- सैनामैना नगरपालिका, शुद्धोधन गाँउपालिका, कञ्चन गाँउपालिका र गैडहवा गाँउपालिकाको सहकार्यमा वारुणयन्त्र र विपद् जोखिम न्युनिकरणका सामाग्री सहितको अन्तर स्थानीय तह विपद् व्यवस्थापन केन्द्र स्थापना गरी बारुणयन्त्र सञ्चालनमा ल्याइएको छ। अन्तर स्थानीय तह विपद् व्यवस्थापन साझेदारीको सञ्चालन र व्यवस्थापनको लागि कुल रु. ९ लाख विनियोजन गरेको छु ।

## राजश्व प्रशासन

- कोरोना भाईरस महामारीको कारण लकडाउनको अवधिभर सञ्चालन हुन नसकेका व्यवसायहरुलाई राहत स्वरुप लकडाउन अवधिभरको घर बहाल कर र व्यवसाय करमा शतप्रतिशत छुट दिने व्यवस्था गरेको छु।

- घर जग्गा बहाल कर असुली कार्यको शुरुवातका लागि सम्पत्ति कर, व्यवसाय कर र वडा कार्यालयबाट प्रवाह हुने सेवाहरुसँग एक आपसमा आवद्ध गरी असुली प्रक्रियालाई अनिवार्य, व्यवस्थित र प्रभावकारी रुपमा परिचालन गर्न राजश्वसँग सम्वन्धित राजश्व शाखाका कर्मचारी, वडाका कर्मचारी, वडा समितिका पदाधिकारी र टोल विकास संस्थाका पदाधिकारीहरुलाई तालिमको व्यवस्था मिलाएको छु।

- राजश्व संकलन तथा आर्थिक कारोबारमा पारदर्शिता तथा सहजता कायम गर्न नगरपालिका भित्रै वाणिज्य बैंकको शाखा विस्तार गरिनेछ। समयमै कर बुझाउने र सबैभन्दा वढी कर बुझाउने करदातालाई सम्मान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

- करदाताले तिर्नुपर्ने कर रकम सम्वन्धि जानकारी उपलब्ध गराउन कर शिक्षा सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

- आर्थिक बर्ष २०७७/०७८ को पहिलो चौमासिक भित्र एक वर्षको एकमुष्ट घरजग्गा वहाल कर र व्यवसाय कर बुझाएमा १० प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु । लकडाउनका कारणले आ.व २०७६/०७७ को सबै प्रकारका करहरु समयमै बुझाउन नपाएकोले आ.व २०७७/०७८ को प्रथम चौमासिकभित्र कर बुझाएमा सबै प्रकारका करहरुमा लाग्ने जरिवाना छुट दिइनेछ।

**सभाध्यक्ष महोदय,**

## सुशासन तथा सेवा प्रवाह

- सैनमैना नगरपालिकाभित्र रहेको गरिब तथा विपन्न व्याक्तिहरुको पहिचान गरि गरिब परिचयपत्र वितरण गर्न कार्यको लागि संघीय सरकारबाट रु. ३६ लाख बजेटको व्यवस्था मिलाएको छु।

- न्यायिक समितिका पदाधिकारी तथा नगर कार्यपालिकाबाट सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरुलाई समयानुकूल पूनर्ताजगी तथा क्षमता विकास गर्ने व्यवस्था मिलाएको छु । पदाधिकारी, वडा सचिव, तथा सहायक कर्मचारीको लागि न्यायिक कार्यविधि ऐन तथा सो सँग सम्बन्धित विषयमा अग्रसर बनाई न्यायिक निरुपण गर्ने व्यवस्था गरेको छु।

- सुचना प्रविधिमैत्रि नगरपालिका बनाउन नगरपालिकाबाट जनतालाई प्रदान गरिने सेवाहरु छिटो छरितो, चुस्त, दुरुस्त र प्रभावकारी रुपले प्रवाह गर्न कम्प्युटरकृत सेवा प्रणालीको बिकासका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्न र मनोवल उच्च राख्न प्रोत्साहन सुविधा उपलव्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु। साथै कर्मचारी र शिक्षकलाई प्रदान गरिदै आएको पुरस्कारलाई निरन्तरता दिदै नगरपालिकाका कर्मचारी र जनप्रतिनिधिको सावाधिक जिवन वीमा गर्न बजेटको व्यवस्था गरेको छु।

- यस सैनामैना नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने जेष्ठ नागरिक,एकल महिला,विधवा महिला,पूर्णअपाङ्गता,अतिअशक्त अपाङ्गताभएका व्यक्ति,लोपोन्मुख आदिवासी जनजाति, लगायतका लक्षित वर्गहरुलाई नेपाल सरकारले निर्धारण गरेको नीति भित्र रही बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाएको छु ।

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ, जसको लागि एम.आई.एस अपरेटर, फिल्ड सहायक, वडा सचिव तथा अन्य कर्मचारी र सेवा प्रदायकलाई आवश्यक तालिम प्रदान गरिनेछ। अनलाइन प्रणाली लागु हुनु अघिका सवै घटना दर्ताहरुको विवरणलाई डिजिटाइजेशन गरी अनलाइन प्रणालीमा प्रविष्ट गरिनेछ। सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना कार्यान्वयन गर्न प्रत्येक वडामा दर्ता शिविर सञ्चालन गरिनेछ। सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण अयोजना कार्यान्वयन गर्न कुल रु.४७ लाखको व्यवस्था मिलाएको छु।

- संघीय सरकारको मालपोत तथा नापी कार्यालय स्थानीय तहलाई हस्तान्तरण गर्ने नीति अनुरुप मालपोत तथा नापी कार्यालय नगरपालिकाको मातहतमा ल्याई गुणस्तरिय सेवा प्रवाह गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

- यस नगरपालिकाको विदेशी मुलुक चीनको गान्सु प्रान्तको क्यानन् स्वायत्त  क्षेत्र सँग भगिनी सम्बन्ध कायम भैसकेको छ। आर्थिक, सामाजिक, सास्कृतिक क्षेत्रको अनुभव साटासाट तथा आवश्यक सहयोग आदान प्रदान हुने गरी भगिनी सम्बन्धको मजबुतीकरण गर्न रु. १५ लाख बजेट विनियोजन गरेको छु।

- सुशासन प्रबर्द्धन तथा भ्रष्टाचार नियन्त्रणका लागि **"म भ्रष्टाचार गर्दिनँ, म भ्रष्टाचार हुन दिन्नँ, म देश र जनताका लागि ईमान्दार भएर काम गर्नेछु"** भन्ने प्रतिज्ञासहितको कार्यसंस्कृतिको  प्रवर्द्धन गरिनेछ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०७७/०७८ को बजेट विनियोजन तथा आयको अनुमान प्रस्तुत गर्न चाहन्छु ।**

आगामी आर्थिक वर्षका लागि कुल रु. ७० करोड ८३ लाख ७७ हजार ५ सय ४६ विनियोजन गरेको छु । कुल विनियोजित बजेट मध्ये चालु खर्चमा तलब, भत्ता तथा अन्य सुविधा, कार्यालय सञ्चालन लगायत प्रशासनिक खर्च र अन्य व्यवस्थापन समेतको लागि रु. ४५ करोड ९९ लाख ७० हजार ५ सय ४६ विनियोजन गरेको छु । जसमा शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास र प्रशासनिक खर्चलाई समाबेश गरिएको छ। पूँजीगत खर्च तर्फ कुल रु. २४ करोड ८४ लाख ७ हजार विनियोजन गरेको छु।

उपरोक्त पुँजीगत खर्च मध्ये वडा नं. १ को लागि रु. ६६ लाख २५ हजार ४ सय ७१ , वडा नं. २ को लागि रु. ४० लाख ७१ हजार ८ सय ३१ , वडा नं. ३ को लागि रु. ३८ लाख ९४ हजार ५ सय ९०, वडा नं.४ को लागि रु. ५३ लाख २३ हजार १ सय ३५ , वडा नं. ५ को लागि रु. ५९ लाख १७ हजार ३ सय २९, वडा नं. ६ को लागि रु.  ६१ लाख ४३ हजार २ सय १५ विनियोजन गरेको छु । त्यसै गरी वडा नं.७ को लागि रु. ३५ लाख ८८ हजार ७८ रुपैया, वडा नं. ८ को लागि रु. ३५ लाख ८७ हजार ८ सय ४२, वडा नं. ९ को लागि रु. ४७ लाख ६० हजार ८ सय ७७ , वडा नं. १० को लागि रु. ६५ लाख २१ हजार ५ सय ९५ र वडा नं. ११ को लागि रु. ५७ लाख २ हजार ९ सय ६३ गरी जम्मा रु ५ करोड ६१ लाख ३६ हजार ९ सय २८  विनियोजन गरेको छु ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये संघीय सरकारबाट प्राप्त अनुदान रु ५५ करोड ९४ लाख ८७ हजार २ रुपैया, प्रदेश सरकारबाट प्राप्त अनुदान रु १ करोड ५७ लाख,  आन्तरीक स्रोतबाट रु १३ करोड ३१ लाख ९० हजार ५ सय ४४ आयको अनुमान गरेको छु ।

राजस्वको शिर्षकगत अनुमान विवरण, संचित कोषमा जम्मा हुने गरी विभिन्न स्रोतवाट प्राप्त हुने आय र व्ययको शिर्षकगत विवरणहरु अनुसुचिमा उल्लेख गरिएको छ ।

**सभाध्यक्ष महोदय**,

**कृषि, पर्यटन, उद्योग र पूर्वाधार, सु–संस्कृत, समृद्ध नगर सैनामैनाको आधार"** भन्ने नारालाई साकार पार्न उल्लेखित बजेट तथा कार्यक्रमहरु तर्जुमा गरिएका छन् । बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि नगरपालिकामा कृयाशील राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, पत्रकार जगत, नागरिक समाज लगायत सम्पूर्ण सैनामैनाबासी आमा–बुवा, दाजु–भाइ, दिदी–बहिनीहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरेको छु। कोरोना भाईरसको महामारीको समयमा प्रकोप रोकथाम तथा नियन्त्रण गर्न र नागरिकको जनजिवन सामान्य बनाउन नगरपालिकासंग हातेमालो गर्दै सहयोग गर्नुहुने सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, समुदाय, सहयोगी हातहरु र सम्पूर्ण नगरबासीहरुमा उच्च कदर गर्दै हार्दिक धन्यवाद दिन चाहान्छु। देश भित्र र बाहिर रहनुभएका सम्पूर्ण सैनामैना नगरबासीहरु कोभिड-१९ को महामारीबाट सुरक्षित रहँदै नगर विकासमा योगदान गर्नुहुन हार्दिक अपेक्षा सहित अनुरोध गर्दछु।

बजेट निर्माणका क्रममा अहोरात्र खटिने सम्पूर्ण नगरसभा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सबै कर्मचारीहरु सहित सल्लाह सुझाव दिनुहुने महानुभावहरु सबैमा विशेष धन्यवाद दिन चाहन्छु । यो बजेटको सफल कार्यान्वयनमा समेत सबैको पूर्ण सहयोग पाउने अपेक्षा गरेको छु ।

धन्यवाद

नमस्कार